Email id.: akcmorang@gmail.com

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, मोरङ्ग

प्रदेश नं.१, विराटनगर

पत्र सं. २०७९/०८०
च.नं.

सूचना। सूचना ।। सूचना।।।

## प्रस्ताव आवाहन सम्वन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति- २०७९/११/०८**

कृषि ज्ञान केन्द्र मोरङ्गको चालु आर्थिक वर्ष २०७९/०८० मा संघिय सशर्त वित्तिय हस्तान्तरण मार्फत प्राप्त तपसिल बमोजिमका अनुदानका कार्यक्रमहरुको संचालनका लागि मोरङ्ग जिल्लाको तोकिएका स्थानिय तह भित्रका ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था/कृषि फर्म/उद्यमी कृषकहरुबाट प्रस्तावना पेश गर्नका लागि मिति २०७९/१०/१५ गते प्रथम पटक सूचना प्रकाशित गरिएकोमा केही स्थानिय तहहरुबाट प्रस्तावनाहरु दर्ता हुन नआएकोले मिति २०७९/११/१४ गते आइतवार दिन कार्यालय समय भित्र कार्यालयले तोकेका तपसिल अनुसारका कागजातहरु संलग्न राखि प्रस्तावना पेश गर्नको लागि दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ।
थप जानकारीको लागि यस ज्ञान केन्द्रका निमित्त प्रमुख श्री रामदेव सिंह (स.नं. ९८५२०२८१७८), बाली संरक्षण अधिकृत श्री रेणु यादव (स.नं.९८०८४८४९५९) , कृषि अधिकृत श्री धर्मेन्द्र कुमार सिंह (स.नं. ९८५२०८१०५३) वा स्थानीय तहका कृषि विकास शाखामा सम्पर्क राख्नुहुन साथै कृषि मन्त्रालयको वेभसाईट www.molmac.p1.gov.np बाट कार्यक्रम सम्बन्धी कार्यविधि डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ ।

**कार्यक्रमको विवरण**

| क्र सं | कार्यक्रमको नाम | परिमाण | प्रति इकाई रकम रु. हजारमा | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिशत | साझेदार निकाय | प्रस्तावना पेश गर्न सक्ने क्लष्टर क्षेत्रहरु |
|---|---|---|---|---|---|---|
| १ | तेलहन बाली प्रवर्द्धन कार्यक्रम | २ | १५०० | कूल लागतको ५०% | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी | लेटाङ्ग नगरपालिका |
| २ | दलहन बाली प्रवर्द्धन कार्यक्रम | १ | २५०० | कूल लागतको ५०% | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी | केराबारी गाउँपालिका |
| ३ | धानबाली प्रवर्द्धन कार्यक्रम | ५ | १५४० | कूल लागतको ५०% | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी | सुन्दरहरैंचा नगरपालिका |
| ४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | १ | ५३५ | कूल लागतको ५०% | कृषक समुह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमी | लेटाङ्ग नगरपालिका. |

निमित्त प्रमुख

Email id.: akcmorang@gmail.com

उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, मोरङ्ग

प्रदेश नं.१, विराटनगर

पत्र सं. २०७९/०८०
च.नं.

**प्रस्तावनाका साथ पेश गर्नु पर्ने कागजातहरु:**

- रु १०/- को टिकट टाँस गरिएको निबेदन।
- निवेदक कृषकहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित कार्यक्रम संग अनुभव भए सो को प्रमाण पत्रको प्रतिलिपि।
- सम्बन्धित स्थानीय तह/कृषि शाखाको सिफारिस पत्र।
- कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्मको प्रमाण पत्र वा नवीकरणको प्रमाणित प्रतिलिपि र समुह सहकारीको बैठक निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय।
- संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- गत आ.व. ०७८/०७९ को कर चुक्ता गरेको प्रमाण पत्र प्रतिलिपि।
- सहकारी/फर्म/कम्पनीहरुको हकमा आ.व. ०७८/०७९ को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि।
- आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व घोषणा पत्र।
- आफ्नो स्वामित्व खुल्ने जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपि/जग्गा भाडामा लिइ खेति भएको भए ५ वर्ष र स्थायी संरचनाको भएमा न्युनतम १० वर्ष सम्म भाडामा लिइ सो को सम्बन्धित स्थानीय तह/वडाको रोहवरमा करारनामा गरेको प्रमाणित कागजात।
- संस्थागत प्रस्तावना निवेदन दस्तुर रु. २००/- र व्यक्तिगत कृषकहरुको हकमा प्रस्तावना निवेदन दस्तुर रु. १००/- तथा रु. ५० लाख भन्दा बढी प्रस्तावनाको हकमा रु. ५००/- कृषि ज्ञान केन्द्र मोरङ्गको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३१२०११३०३१, राष्ट्रिय वाणिज्य बैक, विराटनगरमा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्ने छ।

नोट – माथि उल्लेखित कार्यक्रमहरु पेश गर्नको लागि प्रस्तावनाको ढाँचा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ अनुसुची-२ बमोजिम पेश गर्नु पर्ने छ साथै माग गरेको विवरण वाहेक थप कागजातहरु आवश्यक भएमा पछि माग गर्न सकिनेछ । अनुदानग्राहीले विगत ३ आ.व. सम्म सरकारी ( संघीय, प्रदेश, स्थानीय तह)/अन्य आयोजनाहरुबाट अनुदान प्राप्त गरेको जानकारी भएमा उक्त प्रस्तावना दर्ता नहुने वा दर्ता भएपनि छनौट प्रकृया बाट हटाइने समेत जानकारी गराइन्छ ।

...............................
रामदेव सिंह
निमित्त प्रमुख
निमित्त प्रमुख